# रसुवा जिल्ला अदालतबाट जारी गरिएको

## सूचना ! सूचना !! सूचना !!!

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ र १४ अनुसार यस जिल्ला अदालतको बाल ईजलास समावेश भई बाल न्याय सम्पादनका लागि समाजसेवी र बाल मनोबिज्ञान वा बाल विशेषज्ञको रोष्टर खडा गर्नु पर्ने भएकोले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ र १४ मा उल्लेख भए बमोजिम समाजसेवीको हकमा प्रमाणपत्र तह उत्तीर्ण गरी बालअधिकार वा समाजसेवाका सम्वन्धमा कम्तीमा १ महिनाको तालीम प्राप्त गरेको व्यक्ति, बाल मनोबिज्ञको हकमा प्रमाणपत्र तह उत्तीर्ण गरी बाल अधिकार वा मनोबिज्ञानको सम्बन्धमा कम्तीमा २ महिनाको तालिम प्राप्त गरेको र कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको ईच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएका मितिले ७ दिन अर्थात २०७६ साल भाद्र ४ गते सम्म दरखास्त आव्हान गरिएको छः-

(१) दरखास्तमा आफ्नो नाम, थर, वतन, गाउँटोल, टेलिफोन नं., फ्याक्स नं. ईमेल ठेगाना, पेशा, शैक्षिक योग्यता, अनुभव समेत उल्लेख भएको बायोडाटा र नेपाली नागरिकताको प्रतिलिपि र हालसालै खिँचिएको फोटो (तिन प्रति) समेत साथै राखी पेश गर्नु पर्नेछ ।

(२) थप जानकारीको लागि यस अदालतको फोन नं.०१०-५४०२२६ मा सम्पर्क गर्न सकिनेछ तथा अदालतमा आई सम्पर्क राख्न सकिनेछ ।

२०७६/४/३०

तहसिलदार
शाखा अधिकृत